छत्रकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चोयगा, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

आ.व.०८१।८२

## वैठक नं १४

समयः दिनको ३:०० बजे

मितिः२०८१/१०/१३

यस गाउँपालिकाका गाउँकार्यापालिकाका अध्यक्ष श्री राम प्रसाद पाण्डेय ज्युको अध्यक्षता तथा तपशिल बमोजिमका कार्यपालिका पदाधिकारीहरूको उपस्थितिमा कार्यपालिकाको वैठक वसि निम्न अनुसारको प्रस्ताव माथी छलफल गरी देहाय अनुसारका निर्णय गरियो ।

**तपशिल**

| क्र.स. | नाम थर | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १. | श्री राम प्रसाद पाण्डेय | गाउँपालिका अध्यक्ष | | |
| २. | श्री सावित्रा ज्ञवाली | गाउँपालिका उपाध्यक्ष | | |
| ३. | श्री घनश्याम न्यौपाने | वडा नं १ वडा अध्यक्ष | | |
| ४. | श्री नरेन्द्र वहादुर पल्ली | वडा नं २ वडा अध्यक्ष | | |
| ५. | श्री तेजकान्त अर्याल | वडा नं ३ वडा अध्यक्ष | | |
| ६. | श्री गुणाकर ज्ञवाली | वडा नं ४ वडा अध्यक्ष | | गाउँकार्यपालिका प्रवक्ता |
| ७. | श्री वीरवहादुर सोमै | वडा नं ५ का.वा.वडा अध्यक्ष | | |
| ८. | श्री नारायण रेश्मी | वडा नं ६ वडा अध्यक्ष | | |
| ९. | श्री कमला ज्ञवाली | कार्यपालिका सदस्य | | |
| १०. | श्री देवकी पन्त | कार्यपालिका सदस्य | | |
| ११. | श्री भगवती न्यौपाने | कार्यपालिका सदस्य | | |
| १२. | श्री सावित्रा वि.क. | कार्यपालिका सदस्य | | |
| १३. | श्री चन्द्र वहादुर सार्की | कार्यपालिका सदस्य | | |
| १४. | श्री राम वहादुर वि.क. | कार्यपालिका सदस्य | | |
| १५. | श्री रुद्रहरि पुरी | सदस्य सचिव | | |

अन्य उपस्थितीहरू

| क्र.स. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | हरि टण्डन | योजना तथा अनुगमन शाखा प्रमुख | |
| २ | | | |
| ३ | सागर खनाल | का. सहयोगी | |

मन्त्रालयको च.नं. १०४३ प.स. २०८१/०८२/२ नि.यो.अ. मिति २०८१/१०/०९ को निर्णय अनुसार स्वास्थ्य भवन पूर्वाधारको डिजाइन तथा निर्माण सम्बन्धि निर्देशिका,२०७१ तथा अन्य मानक मापदण्डहरु र राष्ट्रिय भवन आचार संहिताको अधिनमा रही पालिकाले प्राविधिकको सिफारिसका आधारमा कार्यपालिकाबाटै स्वीकृत हुन सचिव स्तरीय निर्णय भएको जानकारी प्राप्त भएको हुँदा उक्त प्रतिवेदन पुनः अध्ययन गरी आगामी कार्यपालिका बैठकमा सिफारिस पेश गर्न पूर्वाधार शाखालाई जिम्मेवारी प्रदान गर्ने निर्णय गरियो ।

४. प्रदेश सरकारको अनुदान (समपुरक, विशेष र ससर्त)हरु बाहेक प्रदेश सरकारकै विभिन्न निकाय/कार्यालय मार्फत यस छत्रकोट गाउँपालिका भित्र संचालनमा आएका आयोजनाहरुको कार्यन्वयन अवस्थाको बारेमा छलफल गरियो र कार्यन्वयनको प्रक्रियामा नगएका आयोजनाहरुको तत्काल कार्यन्वयन गर्न सम्बन्धित वडा अध्यक्षज्यूहरुलाई जिम्मेवार गराउने निर्णय गरियो ।

५. छत्रकोट गाउँपालिका भित्र गाउँपालिकाको आयोजना सम्झौता गरी कार्यन्वयन गर्ने निर्माण व्यावसायी सँग आयोजनाको प्रगति, आयोजनाको गुणस्तर, कार्यन्वयनको क्रममा देखिएका समस्याहरु र समयमै काम गर्ने सुनिश्चितताको लागि एक महिना भित्र बैठक बसी छलफल गर्ने निर्णय गरियो ।

६. विगत लामो समय देखी क्षेत्रमा छत्रकोट गाउँपालिका लगायत यस क्षेत्रमा पानि नपरिरहेको अवस्थामा छत्रकोट गाउँपालिका आगलागीको उच्च जोखिम रहेको छ । यसबाट छत्रकोट गाउँपालिका भित्रका सार्वजनिक र निजि सम्पतिहरु जोगाउन हुन सक्ने सम्भावित जोखिम आकंलन र पूर्वतयारीको रणनीति तयार गर्न स्थानीय विपद् व्यवस्थापन समितिलाई निर्देशन दिने निर्णय गरियो ।